सहकारी के हो ? किन र कसका लागि ?

- शिवप्रसाद घिमिरे

प्रारम्भ

नेपालको सहकारी आन्दोलन ५६ वर्षको यात्रामा छ । २०१३ सालबाट प्रारम्भ भएको सहकारी पद्धतिले यस अवधिमा धेरै आरोह अवरोह पार गरिसकेको छ । विशेषतः नेपालको सन्दर्भमा यो आन्दोलनलाई दुई कालखण्डमा विभक्त गरेर समीक्षा गर्नु उपयुक्त हुन्छ । २०४८ सालभन्दा पूर्वको अवस्था र त्यसपछिको अवस्था । विद्यमान सहकारी ऐन, २०४८ जारी हुनु पूर्व सहकारीहरु सरकारबाट स्थापित, निर्देशित तथा संचालित थिए । सहकारी संस्थाहरुको संख्या कूल ८३० थियो । तत्कालिन अवस्थामा "साभ्का" को नामबाट परिचित ती सहकारी संस्थाहरुको मुख्य कारोवार ऋण लगानी,रासायनिक मलखाद, वीउ विजन र कृषि सामग्रीहरुको आपूर्तिमा केन्द्रित थियो । साभ्का संस्थाहरुले कृषि विकास बैंकबाट लिएको ऋणको लगानी र तत्कालिन कृषि सामग्री संस्थानको रासायनिक मल विक्री गर्ने मुख्य कार्य थियो। अर्थात सहकारीहरुले सरकारको एजेण्टको रुपमा कार्य गर्ने गर्दथे। २०४६ सालको राजनैतिक परिवर्तनपछि देशको विभिन्न क्षेत्रमा आएका परिवर्तनका लहरसंगै सहकारी क्षेत्रमा पनि प्रभाव पर्न थाल्यो। तत्कालिन अन्तरिम सरकारले २०४७ सालमा राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन गरी सो समितिबाट सहकारी आन्दोलनलाई अघि बढाउन सुझाव लिने काम गऱ्यो। त्यसपछिको निर्वाचित सरकारले गैर कृषि क्षेत्रको प्रवर्द्धनका लागि स्थापित साभ्का केन्द्रीय कार्यालय विघटन गरी देशको सहकारी आन्दोलनको नीतिगत आधार, संगठनको स्वरुप र ढांचा यसको परिचालन प्रणाली तथा स्थानीय तहदेखि केन्द्रसम्मको संगठन तयार गर्न राष्ट्रिय सहकारी विकास बोर्डको गठन गऱ्यो। प्राप्त जिम्मेवारी अनुसार राष्ट्रिय सहकारी विकास बोर्डले सहकारी ऐनको मस्यौदा तयार गरी सरकार समक्ष प्रस्तुत गऱ्यो र विद्यमान सहकारी ऐन, २०४८ जारी भयो। सहकारी ऐन, २०४८ जारि भएपछि देशको सहकारी आन्दोलनलाई अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्त अनुरुप संचालन हुने वातावरण सिर्जना भयो । सहकारी मार्फत स्वस्फूर्त रुपमा समुदायमा आवद्ध भएर सर्वसाधारणलाई विविध क्रियाकलापहरु संचालन गरी आर्थिक सामाजिक विकास गर्ने ढोका खुल्यो र त्यसतर्फ कार्यहरु अगाडि बढे। सहकारी मार्फत कृषि, उपभोक्ता, बचत तथा ऋण, दुग्ध, विद्युत, संचार, स्वास्थ्य, जडीबुटी लगायतका क्षेत्रहरुमा आर्थिक गतिविधिहरु संचालन हुन थाल्यो। सहकारी प्रति सर्वसाधारणको आकर्षण बढ्दै गई सहकारी क्षेत्र आर्थिक विकासको महत्वपूर्ण माध्यम बन्न गयो। उल्लेखित विषयहरुलाई मध्यनजर गर्दै नेपालको अन्तरिम संविधान २०६३ मा देशको आर्थिक विकासमा सरकारी र निजी क्षेत्रका अतिरिक्त सहकारी क्षेत्रले पनि उपयुक्त स्थान पायो। देशको आर्थिक विकासका तीन आधार स्तम्भमध्ये सहकारी पनि एक आधार स्तम्भको रुपमा रहने संवैधानिक व्यवस्थाबाट सहकारी क्षेत्रको महत्व र आकर्षण झन उचाईमा पुग्यो । तत्पश्चातका सरकारको त्रि-वर्षीय योजनाहरुमा पनि सहकारीलाई उच्चतम महत्व र स्थान दिइयो। यसै सन्दर्भमा यही २०६९ जेठ ५ गते सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापनबाट सहकारी क्षेत्रमा नयाँ आयामको सिर्जना हुन पुगेको छ भने समस्त सहकारीकर्मीहरुमा थप उत्साह र गौरबको अनुभूति समेत हुन पुगेको छ।

* लेखक राष्ट्रिय सहकारी विकास बोर्डका उप-निर्देशक हुनुहुन्छ। प्रस्तुत लेखमा व्यक्त विचारहरु लेखकका निजी विचार हुन् - सम्पादक ।

विद्यमान अवस्था

प्राप्त तथ्यांक अनुसार सहकारी आन्दोलनको विवेचना गर्दा सहकारी ऐन, २०४८ जारि भएपछि यस क्षेत्रमा ३५ लाख भन्दा बढी व्यक्तिहरु आवद्ध हुन पुगेका छन्। २५ हजारभन्दा बढी प्रारम्भिक सहकारी संस्थाहरुको गठन भएको छ। ७५ हजार मानिसहरुले यस क्षेत्रमा प्रत्यक्ष रोजगारी प्राप्त गरिसकेका छन्। वित्तीय क्षेत्रमा सहकारीको योगदान १५ प्रतिशत र कूल ग्राहस्थ उत्पादनमा ३ प्रतिशतको योगदान पुगेको तथ्यांडक छ। जिल्ला संघहरु ६६, विषयगत जिल्ला सहकारी संघहरु १५७, विषयगत केन्द्रीय सहकारी संघहरु १४, राष्ट्रिय सहकारी संघ १ गठन भएको छ र सहकारी संघ संस्थाहरुलाई वित्तीय सहयोग पुऱ्याउन राष्ट्रिय सहकारी बैंकको समेत स्थापन भई देशका विभिन्न भागमा शाखा उपशाखा मार्फत सेवा पुऱ्याउदै आएको छ। नेपालको सहकारी अभियानको तर्फबाट २०५४ सालमा राष्ट्रिय सहकारी संघले अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त गरी विश्व सहकारी आन्दोलनमा आफ्नो उपस्थिति जनाई सकेको छ। त्यसैगरी राष्ट्रिय सहकारी विकास बोर्ड पनि २०६८ सालमा यस महासंघको एसोसियट सदस्य वनेको छ। यसरी २०४८ सालपछि अर्थात् विद्यमान सहकारी ऐन, २०४८ कार्यान्वयन भएको दुई दशकको अवधिमा सहकारी क्षेत्रमा धेरै उपलब्धिमूलक कार्यहरु भएका छन्। सहकारी क्षेत्रले आफ्नो छुट्टै पहिचान र स्थायित्व कायम गर्न सफल भएको छ।

नेपालको सहकारी क्षेत्रमा उल्लेखित उपलब्धिका बावजुद अझै पनि कयौं अप्ठेरा र समस्याहरु विद्यमान छन्। सहकारी आन्दोलनले अपेक्षित उपलब्धि र गन्तव्य पहिल्याउन सकिरहेको छैन। कृषि व्यवसाय, उद्यमशिलता, सीप विकास, उपभोक्ताजस्ता सर्वसाधारणलाई प्रत्यक्ष राहत पुग्ने र आय आर्जनको क्षेत्रमा सहकारीको पहुंच पुग्न सकेको छैन। सहकारीका लक्षित वर्गहरुको अत्यधिक संख्या अझै पनि यो आन्दोलन बाहिर छ। दूर दराजका ग्रामीण वस्तिहरुमा सहकारीको उपस्थिति न्यून छ। कतिपय जिल्लाहरुमा सहकारीको प्रवर्द्धन र विकासका लागि सरकारका सेवा सुविधाहरु सहज रुपमा पुग्न सकेको छैन। कूल सहकारी संस्थामध्ये ४६ प्रतिशत बचत तथा ऋण मात्रै रहेको, सो को अतिरिक्त बहुउद्देश्यीय सहकारी संस्थाहरुले पनि बचत तथा ऋणको कारोवारमा मात्र संलग्न रहको, अधिकांश सहकारी संस्थाहरु करिव एक चौथाई जिल्लाहरुमा मात्र केन्द्रित रहे बाट समष्टिगत रुपमा मुलुकमा सहकारी संस्थाहरुको समानुपातिक एवं सन्तुलित विकास हुन नसकिरहको, कूल जनसंख्याको करिब १३ प्रतिशत मात्र सहकारीमा आवद्ध भएबाट उत्पादन तथा वितरण क्षेत्रमा सहकारीको भूमिका न्यून रहेको छ। यसमध्ये पनि शहर केन्द्रित बचत तथा ऋण सहकारीको बाहुल्यता अत्यधिक मात्रामा बढेर गएको छ। शहरमा स्थापित केही बचत तथा ऋण सहकारीहरुको क्रियाकलापले समग्र सहकारी क्षेत्र पनि बेला बेलामा आलोचित वन्न पुगेको छ। केही बचत तथा ऋण सहकारीहरुमा त जोखिम व्यवस्थापनको पनि श्रृजना हुन थालेको छ। "वास्तविक" र "छद्म" सहकारी भनेर अन्तर्राष्ट्रिय सहकारी महासंघले इङ्गित गरेका विषयहरु पनि यदाकदा नेपालको सहकारीहरुमा पनि देखिन थालेको छ। समुदायमा आधारित, सदस्य केन्द्रित सहकारीहरु छायाँमा परेका र त्यस्ता सहकारीहरुको योगदानको मूल्याङकन हुन नसकेका गुनासाहरु पनि चर्चामा आइरहन्छन्। सहकारीमा पूंजीपतिहरुको हालिमुहाली रहेको, न्यून आय वर्गहरु शोषणमा परेको, सहकारीले उत्पादक र उपभोक्ता बीचको दुरीलाई घटाउन नसकेको, सहकारी केवल विना परिश्रम छिट्टै धनी हुने माध्यम वन्न पुगेको हो कि भन्ने पनि भान हुन्छ। सहकारीका सिद्धान्त र मूल्यहरुको प्रयोग केवल देखाउने दाँतको रुपमा मात्र रहेको तिनको व्यवहारिक प्रयोग नगरिएका उदाहरणहरु पनि प्रस्तुत हुने गरेका छन्। सहकारीका यस्ता भ्रम र दुविधाहरुलाई अन्त गरी उचित गन्तव्यतर्फ मार्ग पहिल्याउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यस लेखमा केही चर्चा गर्ने प्रयास गरिएको छ।

सहकारी के हो ?

अन्तर्राष्ट्रिय सहकारी महासंघ International Cooperative Allianc ICA ले सहकारीको परिभाषा यसरी गरेको छ " सहकारी संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना

समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरु अभिप्राप्तिका लागि स्वैच्छाले एकतावद्ध व्यक्तिहरुको स्वायत्त संगठन हो "

यस परिभाषाले सहकारी के हो भन्ने विषयमा निम्नानुसार स्पष्ट पारेको छ -

- सहकारी सदस्यहरुको स्वामित्व भएको संस्था हो
- सहकारी प्रजातान्त्रिक संस्था हो
- सहकारी व्यवसायीक संस्था हो
- सहकारी स्वैच्छिक संस्था हो
- सहकारी सदस्यहरुको ऐक्यवद्धतामा संचालन हुन्छ
- सहकारी एकै किसिमको आवश्यकता (समान स्तरका मानिसहरुको) पूरा गर्ने संस्था हो
- एकै पेशा व्यवसाय भएका करिब करिब समान स्तरमा मानिसहरु संगठित भएर आर्थिक वा सामाजिक विकासका लागि संचालन गरिने संस्था सहकारी हो।

उल्लेखित विषयहरुलाई विश्लेषण गर्दा सहकारी संस्थामा सदस्य हुन चाहनेहरुले पहिला न्यूनतम पनि सहकारीको परिभाषामा उल्लेखित विषयको जानकारी हासिल गरेर सदस्य वन्नु पर्दछ। संस्थामा सदस्य बनेर आफ्नो आवश्यकता परिपूर्ति हुन सक्दछ सक्दैन त्यस वारे गम्भीर रुपमा सोच्नु पर्दछ। सहकारीको सदस्य बनेपछि आफ्ना व्यावसायिक क्रियाकलापहरु सम्बन्धित संस्थाबाट संचालन हुन सक्दछ सक्दैन। कसैको लहै लहैमा करकापमा र आफ्नो आवश्यकता परिपूर्ति नहुने संस्थाको सदस्य वनेर केही फाइदा पुग्न सक्दैन। सहकारिता अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्त अनुरुप सामूहिक सहभागितामा सञ्चालन हुने व्यवसायिक पद्धति भएकोले सहकारी मार्फत् व्यवसाय सञ्चालन गर्ने सोच राखेर मात्र सहकारीमा प्रवेश गर्नु पर्दछ। संक्षेपमा सहकारी एक सेवामुखी व्यवसाय हो। यो वर्ष अर्थात् सन् २०१२ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय सहकारी वर्षको रुपमा मनाउन सम्बद्ध राष्ट्रहरुलाई आव्हान गरी Cooperative Enterprises build a better World (सहकारी व्यवसाय मार्फत समृद्ध विश्वको निर्माण) भन्ने नारा तय गरेको छ। यस नाराले पनि सहकारीलाई व्यवसाय/उद्यमको रुपमा अघि बढाएर लैजान थप जोड दिइएको छ।

सहकारी किन ?

अहिलेसम्मको अभ्यासबाट बुझ्न सकिन्छ हाम्रोजस्तो विकासोन्मुख मुलुकमा सहकारी आर्थिक, सामाजिक विकास गर्ने दरिलो माध्यम सावित भैसकेको छ। मानिसहरुसंग छरिएर रहेको स्रोत र साधनलाई संगठित गरी सहकारी मार्फत् स्वरोजगारको सिर्जना, आय आर्जन र व्यावसायिक क्रियाकलापहरु संचालन भएका छन्। सरकारको पहुंच नपुगेका दूर दराजमा सहकारी मार्फत् न्यून आय वर्ग र गरीबहरुको आर्थिक सामाजिक विकासमा सहयोग पुगेको छ। गाउंको उत्पादनलाई शहरमा पठाएर शहरको पैसा गाउँमा भित्रिइरहेको छ। वैकिङ्ग सेवाको पहुंच नपुगेको स्थानमा सहकारी मार्फत बचत ऋणको कारोबारबाट स्थानीयवासीहरुले सहयोग पाइरहेका छन।

महिला सशक्तिकरणको क्षेत्रमा पनि सहकारीको राम्रो योगदान रहेको छ। चुल्हो र चौकामा सीमित महिलाहरु सहकारी मार्फत संगठित भएर क्षमता वृद्धि तथा व्यवसायिक विकासमा क्रियाशील छन्। न्यून रुपमा भए पनि सहकारिताको माध्यमबाट आत्म निर्भर बन्न, सामाजिक प्रतिष्ठा बढाउन र आय आर्जनमा महिलाहरुले सफलता प्राप्त गरिरहेका छन्। महिलाहरुद्वारा संचालित सहकारीहरुको संख्या २५०० भन्दा बढी छन भने सहकारी क्षेत्रमा महिलाहरुको सहभागिता ४६.५ प्रतिशत रहको छ। महिलाहरुद्वारा संचालित सहकारीहरु सफल पनि छन्। गलत क्रियाकलापमा महिला सहकारीहरुको संलग्नता पाइएको छैन।

सहकारीहरुले सामुदायिक विकासको क्षेत्रमा पनि योगदान पुऱ्याउदै आएको पाइन्छ। समुदायका लागि आवश्यक बाटो, खानेपानी, विद्यालय, स्वास्थ्य चौकी निर्माण, रक्तदान, स्वास्थ्य सेवा, मरणघाट निर्माण आदि जस्ता क्रियाकलापहरुमा पनि सहकारीहरुले सहयोग पुऱ्याउदै आएका छन्। समग्रमा सहकारीलाई स्वरोजगार सिर्जना, व्यवसायको विकास, आय आर्जनको माध्यमको रुपमा न्यून आय वर्गको आर्थिक सामाजिक विकासमा व्यापक किसिमले परिचालन गराउन सकिन्छ। केही हदसम्म त सहकारी मार्फत् उल्लेखित कामको थालनी पनि भएको छ। तर अपेक्षित रुपमा भने हुन सक्केको छैन। जब मानिसहरुको आय आर्जन हुन्छ तब उसको आर्थिक सामाजिक जीवनमा सकारात्मक प्रभावहरु देखिन थाल्दछन। अहिलेसम्मको अभ्यासबाट हाम्रो जस्तो मुलुकमा सहकारीको आवश्यकता मुख्यतः निम्न विषयहरुमा प्रभावकारी देखिन पुगेको छ।

- स्थानीय स्रोत र साधनको परिचालन गर्न
- स्वरोजगारको सिर्जना गर्न
- आय आर्जन गर्न
- व्यवसायको विकास गर्न
- सहज सेवा प्राप्त गर्न
- खनखांचो टार्न
- महिला शसक्तिकरण गर्न
- मुनाफाखोरीहरुलाई विस्थापित गर्न
- सदस्यहरुको आर्थिक सामाजिक विकास गर्न

सहकारी कसका लागि ?

सहकारी ऐन, २०४८ को प्रस्तावनामा " देशका कृषक कालीगढ, कम पूंजीवाल र निम्न आय वर्ग,श्रमिक, भूमिहीन तथा वेरोजगार वा समाजिक कार्यकर्ताको आर्थिक तथा समाजिक विकासका लागि....." भन्ने उल्लेख गरिएको छ।

सहकारी ऐनको परिभाषाबाट सहकारी गरीब तथा न्यून आय वर्गका मानिसहरुको आर्थिक सामाजिक विकासका लागि हो भनेर बुझ्न सकिन्छ। अर्कोतर्फ विश्वमा सहकारीको प्रारम्भ कपडा कारखानामा काम गर्ने मजदूरहरुबाट भएको हो। मजदूरहरु गरीब थिए, उनीहरु साहू महाजनबाट शोषित थिए। आफ्नो कमाईले दैनिक गुजारा चलाउन उनीहरुलाई कठिन थियो। वेलायतको कपडा कारखानामा काम गर्ने यस्ता गरीब २८ जना मजदूरहरुले विश्वमा उपभोक्ता सहकारीको प्रारम्भ सन् १८४४ बाट गरेको भन्ने इतिहास हामीले पढ्दै आएका छौं। गरीबहरुलाई समृद्धितर्फ लैजाने र उनीहरुको आर्थिक सामाजिक विकास गर्ने माध्यमको रुपमा सहकारीको जन्म भएको हो भन्नेमा कसैको दुईमत नहुनु पर्ने हो। तर हाम्रो देशको सन्दर्भमा यसका वारेमा लामो बहस चल्दै आएको छ। के सहकारी पूंजीपति वर्गको लागि पनि आवश्यक पर्दछ ? सहकारीको वास्तविक मर्म के हो ? कस्ता वर्गका लागि यो प्रभावकारी हुन्छ ? यसवारे स्पष्ट हुनु जरुरी छ। सामान्य रुपमा बुझन सकिन्छ धनी र पूंजीपतिले त एकल व्यवसाय संचालन गर्दछ। एकल निर्णय गरेर आफ्नो व्यवसाय अघि बढाउंदछ। राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो पहुंच बढाएर व्यापार व्यवसायको विस्तार गर्दछ। राज्यलाई कर तिर्दछ र देशको सम्मानित नागरिक कहलाउंदछन्। एकल व्यवसाय संचालन गर्न सक्ने आर्थिक रुपमा सम्पन्न सक्षम मानिसको लागि सहकारीको आवश्यकता नपर्न सक्दछ। उत्पादनमा, मूल्य निर्धारणमा बजारमा धनीवर्गको एक्लै पहुंच पुग्दछ।

न्यून आय वर्गको गरीबले आफ्नो उत्पादनको उचित मूल्य लिन सक्दैन। आफ्नो उत्पादनलाई बजारसम्म पुऱ्याउन सक्दैन। अरुले तोकेको मूल्यमा आफ्ना उत्पादनहरु विक्री गर्नुपर्ने बाध्यता रहन्छ। विचौलिया व्यापारीहरुले उनीहरुको उत्पादनलाई आफ्नो पकडमा लिइरहेका हुन्छन्। सहकारिताको माध्यमबाट न्यून आय वर्गहरु संगठित भएर

आफ्ना उत्पादनहरुको बिक्री गर्दा विचौलियाहरु विस्थापित हुन्छन् । उत्पादक र उपभोक्ताहरुबीचको दूरीलाई सहकारीले घटाउंदछ। उत्पादकले उत्पादनको उचित लागत र उपभोक्ताले गुणस्तरीय सामान सुपथ मूल्यमा प्राप्त गर्न सक्दछ। हामीकहां सहकारी कसका लागि हो भनेर बहस चलाउन जरुरी छ। जसले पनि सहकारी गठन गर्न सक्दछन भन्ने पनि गरिन्छ। एक्लै आफ्ना आवश्यकता पूरा गर्न सक्ने, उद्देश्य पूरा गर्न सक्ने, पूंजीपति र सक्षम व्यक्तिका लागि किन सहकारी आवश्यकता पर्दछ ? यस्ता विषयहरु सहकारीमा गम्भीर प्रश्न वन्नु पनि पर्दछ र निराकरणको खोजी गर्नु पर्दछ। न्यून आय वर्गले एक आपसमा संगठित भएर व्यवसायिक आधार मार्फत् क्रमशः आफ्नो आर्थिक सामाजिक विकासलाई माथि उठाउने माध्यम हो सहकारी। यसैले होला विश्वमा सहकारीको अवधारणा छुट्टै छ। संचालन विधि र पद्धति पनि वेग्लै छ। सहकारीका मूल्य मान्यता र सिद्धान्तहरु पनि छुट्टै छन् । तदअनुरुप सहकारी ऐन कानून छुट्टै छ। नत्र त सहकारी ऐन र कम्पनी ऐनमा तात्विक भिन्नता के रहन्छ र ? सहकारी कानूनले विविध छुट सुविधा र सहुलियत दिएको छ। तर कम्पनी ऐनमा सहकारी ऐनका सुविधा प्रावधानहरु छैनन्। स्वभावतः सहकारी समाजका कमजोर वर्गले संचालन गर्ने व्यवसाय हो र राज्यले नागरिकालाई प्रदान गर्ने सेवा सुविधा र सामुदायिक विकासका कार्यहरुमा सहकारीले योगदान पुऱ्याइरहेको हुन्छ भनेर पनि सहकारीलाई छुट सुविधा दिइएको हो। तसर्थ सहकारी न्यून आय वर्गको आर्थिक सामाजिक विकास गरी देशको गरिबी निवारण गर्ने माध्यम हो । सहकारीलाई त अझ देशको गरीबी निवारणको सशक्त माध्यमको रुपमा चित्रित गरिन्छ। सहकारीको जन्म, यसको परिभाषा, सिद्धान्त र मूल्यहरु सहकारी ऐन,२०४८ अनुरुप न्यून आय र गरीब वर्गहरुको उत्थानतर्फ नै सहकारी दर्शन केन्द्रित रहेको छ। संक्षेपमा निम्न बुंदाबाट पनि सहकारी कसका लागि भन्ने स्पष्ट हुन्छ।

- एकल व्यवसाय संचालन गर्न नसक्ने
- एकल आवश्यकता पूरा गर्न नसक्ने
- न्यून मध्यम वर्गका लागि
- राष्ट्रिय अन्तर्राष्ट्रिय वजारमा पहुँच नपुग्नेहरुका लागि
- एकल समस्याहरु समाधान गर्न नसक्नेहरुका लागि

उपसंहार

सहकारी न्यून आय वर्गहरु संगठित भएर व्यवसायिकताको माध्यमबाट उनीहरुको आर्थिक, सामाजिक विकास गर्ने माध्यम हो। न्यून आय वर्ग र खास गररे गरीबहरुको जीवनस्तर उकास्ने माध्यम हो सहकारी। धनीलाई झन धनी वनाउने माध्यम सहकारी होइन भन्ने सहकारीको जन्मदाता मजदूरहरुको योगदान र प्रयासबाट नै छर्लङ्ग हुन्छ। सहकारी दर्शनका प्रवर्तक यी नै मजदूरहरुले वनाएका नियमहरुलाई आधार मानेर वनाइएको सहकारीका मूल्य , सिद्धान्त र परिभाषाले पनि सहकारीका लक्षित वर्गहरु को हुन भन्ने स्पष्ट हुन्छ। हाम्रो सहकारी ऐन, २०४८ ले पनि उल्लेखित मर्म र भावनालाई आत्मसात गरेको छ।

सन्दर्भ सामग्री

१. सहकारी दिग्दर्शन २०५७ राष्ट्रिय सहकारी विकास बोर्ड
२. सहकारी ऐन, २०४८
३. आर्थिक सामाजिक विकासका लागि सहकारी अर्थ व्यवस्था सुदर्शन प्रसाद ढकाल
४. आर्थिक सर्वेक्षण २०६८/६९ अर्थ मन्त्रालय
५. सहकारी संवाद वार्षिक अंक २०६८, राष्ट्रिय सहकारी विकास बोर्ड
६. त्रिवर्षीय योजना(२०६७-६९) राष्ट्रिय योजना आयोग